वैठक संख्याः ८२

आज मिति २०७८।०९।१७ गते शनिवार विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | |
| ४ | श्री घनश्याम गौतम | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री राम कुमार राई | सदस्य | |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | |
| ८ | श्री उदय बहादुर राई | सदस्य | |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | |
| १० | श्री धनपति गौतम | सदस्य | |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | |
| १४ | श्री खिनामाया थापा | सदस्य | |
| १५ | श्री गिता शिवा | सदस्य | |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | |
| १७ | श्री सुनिता चौधरी | सदस्य | |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | |
| १९ | श्री गिता गिरी | सदस्य | |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर आठौं | |
| २ | दिनेश खड्का | स.क.अ | |

प्रस्तावहरु

१. अघिल्लो वैठकको समिक्षा सम्बन्धमा ।
२. प्रशासनिक भवनको लागि रकम माग सम्बन्धमा ।
३. वडा कार्यालका लागि रकम माग सम्बन्धमा ।
४. बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८ को पहिलो संशोधन सम्बन्धमा ।
५. विविध ।

निर्णयहरु

**निर्णय नं.१**: अघिल्लो कार्यपालिकाले गरेका निर्णयहरुको समिक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयन तहमा रहेको पाईयो ।

**निर्णय नं.२** : बेलबारी नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनको पूर्णताका लागि श्रोत अभाव भएकोहुँदा संघीय सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** : बेलबारी नगरपालिकाको निर्माणाधिन वडा कार्यालयको भवनहरुको भूक्तानीका लागि श्रोत अभाव भएकोहुँदा संघीय सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४ : बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को देहायमा उल्लेखित नियम तथा उपनियमहरु संशोधनका लागि विधायन समिति मार्फत प्रस्ताव पेश भएकोमा प्रस्ताव उपर दफाबार छलफल गरी देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| नियम उपनियम | साविकमा भएको व्यवस्था | संशोधन गर्नुपर्ने | संशोधनको कारण |
|---|---|---|---|
| नियम १४० को उपनियम ३ | (३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई सझौता गर्न मन्जुर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजालाई अधिकारपत्र वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोश्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई | (३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई सझौता गर्न मन्जुर गरेमा निजबाट तुरुन्त कबुलियत गराई निजालाई अधिकारपत्र वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोश्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी पहिलो | सार्वजनिक हित तथा राजश्व सुनिश्चितता गर्न आवश्यक भएकोले |

| | | | |
|---|---|---|---|
| | उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेस्रव क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने दरभाउपत्र/बोलपत्र वा डाँकवालाको धरौटी जफत गरी ठेक्कासँग सम्बन्धित विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागताज सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउन पर्नेछ ।<br>तर, यसरी ठेक्का बन्दोबस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अंङ्क भन्दा कम हुन रहेछ भने यस नियमावलीको प्रकृया पुर्याई पुन बोलपत्र आव्हान गर्नुपर्नेछ । | दोश्रो, तेस्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने दरभाउपत्र/बोलपत्र वा डाँकवालाको धरौटी जफत गर्नुपर्नेछ। जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । ठेक्कासँग सम्बन्धित विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागताज सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउन पर्नेछ ।<br>तर, यसरी ठेक्का बन्दोबस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अंङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुर्याई पुन बोलपत्र आव्हान गर्नुपर्नेछ | |
| नियम ९४ को उपनियम १२ पछि १२ (क) थप | साविकमा नभएको | नियम ९४ को उपनियम १२ पछि १२ (क) थप गर्ने : पहिलो पटकको सूचना बमोजिम पेश भएका दरभाउपत्र मध्ये न्यूनतम तीन वटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबैभन्दा कम कबोल अङ्क रहेको दरभाउपत्र स्वीकृतका लागि मल्याङ्कन समितिले छनौट गर्नु पर्नेछ । | सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मिलान गर्न आवश्यक भएकोले |
| नियम ४१ को उपनियम २ | ठेकदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण एकमुष्ट रकम बुझाएमा औचित्य हेरी बढिमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।<br>तर यस्तो छुटको प्रतिशत दरभाउपत्र/बोलपत्र वा बढाबढको सुचनामा उल्लेख भएको हुनपर्नेछ । | ठेकदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण एकमुष्ट रकम बुझाएमा औचित्य हेरी बढिमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।<br>तर यस्तो छुटको प्रतिशत दरभाउपत्र/बोलपत्र वा बढाबढको सुचनामा उल्लेख भएको हुनपर्नेछ । साथै यसरी छुट दिइने रकम न्यूनतम कबोल अंक भन्दा घटी हुने छैन । | नियमलाई थप व्याख्या गर्नुपर्ने आवश्यक भएकोले |

**निर्णय नं. ५ विविध :**

**क.** कानेपोखरी गाउँपालिका र बेलबारी नगरपालिकाको सिमा खोलाको रुपमा रहेको चिसाङ खोलाले वर्षा याममा पुर्याउन सक्ने बाढी जन्य क्षती न्यूनिकरण गर्नका निमित्त स्थानीय नागरिकसँगकको सहकार्यमा नदि

नियन्त्रण सम्बन्धि कार्य तत्कालबाट संचालन गर्ने र सो का लागि आवश्यक श्रोत विपद् व्यवस्थापन शिर्षक र अन्य शिर्षकबाट लागत अनुमान बमोजिम बेहोर्ने निर्णय गरियो ।

**ख.** सुन्दरहरैचा नगरपालिका र बेलबारी नगरपालिकाको सिमा खोलाको रुपमा रहेको लोहन्द्रा खोलाले वर्षा याममा पुर्याउन सक्ने बाढी जन्य क्षती न्यूनिकरण गर्नका निमित्त स्थानीय नागरिकसँगकको सहकार्यमा नदि नियन्त्रण सम्बन्धि कार्य तत्कालबाट संचालन गर्ने र सो का लागि आवश्यक श्रोत विपद् व्यवस्थापन शिर्षक र अन्य शिर्षकबाट लागत अनुमान बमोजिम बेहोर्ने निर्णय गरियो ।

ग. स्थानीय स्तरबाट तपशिलका व्यक्ति, समुह वा संस्थाहरुको आवश्यक्ताका आधारमा माग भई पेश भएका योजना तथा कार्यक्रमहरु नगर विकास योजनाको देहायका शिर्षकबाट खर्च गर्ने/गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

बजेट क्र.स. नं. ३५६ अन्य सार्वजनिक निर्माण

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | माटिगाउ कुइरीखोला दुईवटा कल्भर्टको विचमा माटो/ग्रभेल पुरी सडक सुचारी गर्ने कार्य बेलबारी - १० | ९,००,०००।- | |
| २ | टुक्रे बेलबारी – ३ र ४ जोड्ने सिमाना कल्भर्ट दायाँ बाया पुरी सडक सुचारु गर्ने | २,००,०००।- | |
| ३ | रैझार कुइरी खोला फलामे पुलको दायाँ बाया तार ढुङ्गा जाली लगाउने र पुर्ने कार्य बेलबारी – ८ | ३,००,०००।- | |

घ. बेलबारी नगरपालिका वडा नं. १ मा निर्मित बेलबारी नगरपालिकाको प्रशासकीय भवनबाट प्रशासनिक सेवा प्रवाह सुचारु गर्न आवश्यक पर्ने फर्निचर तथा फिक्चरका सामाग्री खरिद गर्न कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

ङ. बेलबारी नगरपालिकाबाट सञ्चालन रहेका आयोजना/कार्यक्रमहरुको नियमित वा आकस्मिक अनुगमन गरेवापत अनुगमन गरेपापत अनुगमन गर्ने अधिकारीहरुलाई नजही रु. १०००।– का दरले खाजा भत्ताका लागि प्रोत्साहन स्वरुप रु. १०००।– उपलब्ध गराउने ।

च. भगवती मा.वि. वडा नं. ३ को मर्मत व्य व्यवस्थापनको लागि जिल्ला समन्वय समिति मोरङ सँग साझेदारीमा कार्य गर्ने गरी ठेक्का व्यवस्थापन गरिएकोमा हाल सम्म जिल्ला समन्वय समिति मोरङसँग नगरपालिकाको सम्झौता नभएकोहुँदा नगरपालिकाले आफ्नो श्रोतबाट सम्झौता बमोजिमको रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

छ. बैकल्पिक उर्जा सर्शत अनुदान मार्फत प्राप्त रकम रु. ८,००,०००।– बाट काठ दाउरा माथिको निर्भरता न्यूनिकरण गर्ने प्रयोजनका लागि विगत आ.व. मा झै बायोग्यास प्रवर्द्धनमा प्रति प्लाण्ट रु. ३०,०००।– का दरले जम्मा २६ वटा बायोग्यास प्लान्ट बनाउन उपभोक्ता समितिले निर्णय गरेअनुसारको सो क्षेत्रमा कार्यरत प्राविधिक कम्पनी समेतसँग त्रिपक्षीय सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।